'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : १६१ बुधबार २३ माघ, २०८१ 05 (Wednesday) February 2025 पृष्ठ ४, मूल्य रु : १०/-

## कर्णाली प्रदेशमा, ६ महिनामा २६ करोडमात्रै आम्दानी

नमस्ते समचारदाता
सुर्खेत, माघ/२२




संघिय अनुदानकै भरमा चलेको कर्णाली प्रदेश सरकारको आन्तरिक आम्दानी भन्दा खर्च निकै बढी रहेको तथ्यांकले देखाएको छ । कोष तथा लेखा नियन्त्रण कार्यालय सुर्खेतको आम्दानी तथा खर्चको विवरणलाई हेर्दा कर्णालीमा आम्दानी र खर्चबीचको अन्तर सम्बन्ध निकै टाढा देखिन्छ। चालु आर्थिक वर्ष २०८१/८२ को पुस मसान्त सम्मको तथ्यांकलाई मात्र हेर्ने हो भने कर्णाली प्रदेश सरकारले चालु र पुँजीगत गरी चार अर्ब ७५ करोड ४७ लाखबढी रकम खर्चिएको छ। संघिय अनुदानकै भरमा चालु आवमा ३१ अर्ब ४१ करोड ४१ हजारको बजेट ल्याएकोमा पुँजीगत १८ अर्ब ७५ करोड ८ लाख ६८ हजार चालुतर्फ १२ अर्ब ४० करोड ४८ लाख ७३ हजार बजेट विनियोजन गरेको थियो । जसमा चालु आवको ६ महिनाको अवधिमा पुँजीगततर्फ १ अर्ब ६६ करोड ९३ लाख ६० हजार ३ ८९ रुपैयाँ मात्र खर्च भएको छ। भने चालुतर्फको बजेट ३ अर्ब ८ करोड ५४ लाख लाख खर्च गरेको छ। ६ महिनामा चालु र पुँजीगत गरी चार अर्ब ७५ करोड खर्च गरेको कर्णाली प्रदेशले आम्दानी भने २६ करोड मात्रै गरेको पाइएको छ । कोष तथा लेखा नियन्त्रण कार्यालयको ६ महिनाको राजश्व संकलनको विवरणनुसार पुस मसान्त सम्मा कर्णाली प्रदेश सरकारले कूल २६ करोड ८७ लाख १४ हजार ६९८ रुपैयाँ मात्रै आन्तरिक आम्दानी गरेको छ । चालु आवमा ८५ करोडबढी आन्तरिक आम्दानी गर्ने कर्णाली प्रदेश सरकारले लक्ष्य लिएको छ । सवारी साधन कर ,कृषि सम्बन्धि कर,व्यवसाय दर्ता कर,वस्तुको उपभोग तथा उपभोगको अनुमतिमा लाग्ने कर ,वन क्षेत्रको रोयल्टी लगायतका शिर्षकमा प्रदेश सरकार मातहतका निकायले राजश्व संकलन गर्दै

बाँकी ३ पेजमा

## बाँकेमा किशोरीलाई एचपीभी खोप दुई चरणमा लगाइने

नमस्ते समचारदाता
कोहलपुर, माघ/२२



देशभर किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको (एचपीभी) खोप लगाउने अभियान आजदेखि सुरु भएको छ। बाँके जिल्लामा यो अभियान दुई चरणमा सञ्चालन हुने भएको छ। पहिलो चरण अन्तर्गत नेपालगन्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका र जानकी गाउँपालिकाका किशोरीहरूलाई खोप लगाउन थालिएको छ। स्वास्थ्य कार्यालय बाँकेका जनस्वास्थ्य अधिकृत तथा खोप फोकल पर्सन नरेशबाबु श्रेष्ठका अनुसार पहिलो चरणमा माघ २२ गतेदेखि २२ हजार ५८९ जना किशोरीलाई खोप लगाइनेछ। दोस्रो चरण माघ ३० गतेबाट सुरु हुनेछ, जसमा राप्तीसोनारी, बैजनाथ, डुडुवा र नरैनापुर गाउँपालिकाका १२ हजार ३६१ जना किशोरीलाई खोप दिने योजना छ । स्वास्थ्य कार्यालय बाँकेका अनुसार जिल्लाभर ३६ हजार ९५० जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको छ। विद्यालयमा अध्ययनरत कक्षा ६ देखि माथिका तथा विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई खोप दिइनेछ । बाँकेमा ३७८ वटा विद्यालयमा खोप केन्द्र तोकिएको छ भने विद्यालय बाहिरका किशोरीका लागि थप ८१ वटा खोप केन्द्र स्थापना गरिएको छ। यस अभियानले किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरबाट सुरक्षित बनाउन महत्वपूर्ण भूमिका खेल्ने स्वास्थ्य विज्ञहरू बताउँछन्।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्रान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## अर्गानिक उत्पादनमा जोड गरौं: मुख्यमन्त्री आचार्य

नमस्ते समचारदाता
दाङ, माघ/२२



दाङलुम्बिनी प्रदेशमा अर्गानिक खाद्यन्न, तरकारी तथा फलफूल उत्पदानकालागि प्रदेश सरकारले बिशेष कार्यक्रम बनाएर सम्वोधन गर्ने मुख्यमन्त्री चेतनारायण आचार्यले बताउनु भएको छ । अम्बिकेश्वरी व्यवसायिक तरकारी खेती कृषक समूह संग देउखुरीमा छलफल गर्दै मुख्यमन्त्री आचार्यले खाद्यन्न तथा तरकारी उत्पादनमा रासायनिक मल र बिषादीको प्रयोगलाई घटाउदै जैविक मल र जैविक बिषादीको प्रयोग बढाएर अर्गानिक उत्पादन बढाउनेगरी प्रदेश सरकारले सम्वोधन गर्ने बताउनु भएको हो । तरकारी बजार तथा शब्जी मण्डिहरुमा विक्रि वितरणकालागि राखिएका तरकारीको बिषादी परिक्षणको व्यवस्था मिलाउने गरी कार्यक्रम बनाउन समेत कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई निर्देशन दिनु भएको छ। किसानहरुले भारतबाट आउने तरकारीमा अत्याधिक बिषादी हुने गरेको गुनासो गर्ने गरेका छन् । सिमा नाकामा संघीय सरकारले बिषादी परिक्षण गर्दै आएको र त्यो कामलाई प्रभावकारी बनाउन प्रदेश सरकारले समेत पहल गर्ने मुख्यमन्त्री आचार्यले बताउनु भयो ।'बिषादी परिक्षणकालागि सिमानामा व्यवस्था छ। त्यसलाई प्रभावकारी बनाउन प्रदेश सरकार ले विगतमा पनि पहल लिएको थियो। अहिले पनि हामिले यसमा ध्यान दिन्छौं'उहाँले भन्नु भयो,'सिमानाबाट हुने तरकारी, दुध, खसिबोका, कुखुराको तस्करी रोक्नकालागि बिशेष पहल भएको छ । अहिले यसमा कमि आएको छ ।' भैरहवा, कृष्णनगर, नेपालगञ्जको नाकामा बिषादी परिक्षण परिक्षणको कामलाई प्रभावकारी बनाउन समेत किसानहरुले माग राखेका थिए। घोराही उपमहानगरपालिका वडा नं. १८ मसिना अम्बापुरका किसानहरुले व्यवसायिक रुपमा अर्गानिक तरकारी उत्पादन गर्दै आएको छ । प्रदेश सरकारले जैविक मल, जैविक बिषादी तथा सिंचाइकालागि सहयोग गर्नेगरी थप कार्यक्रम बनाउने कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थिले बताउनु भयो । किसानहरुसंग प्रदेश सभा सदस्य तथा पूर्व मन्त्री राजु खनालले किसानहरुलाई हौसला थप्न आवश्यक रहेको बताउनु भयो ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## अभिव्यक्ति स्वतन्त्रता र सामाजिक सञ्जाल नियमन

इकोनोमिक फोरमको हालैको एउटा प्रतिवेदनले भनेको छ– आउँदो समयका लागि विश्वको सबैभन्दा ठूलो चुनौती झुटो सूचना हो। प्रतिवेदनका अनुसार त्यसपछि मात्रै विश्वका लागि चुनौती भनेको जलवायु परिवर्तन र परमाणु हतियारहरू हुन्। हो, विश्वकै लागि मिथ्या सूचना ठूलो चुनौती बनेको छ, त्यसको कारण सामाजिक सञ्जालहरू हुन्। इन्टरनेटमा आधारित सामाजिक सञ्जालहरू फेसबुक, टिटर, ह्वाट्सअप, टिकटक वा अरू कुनै पनि प्लेटफर्मका माध्यमबाट मिथ्या सूचना फैलिएको छ र दुनियाँ भ्रमितमात्रै भइरहेको छैन, ठूलो हानिनोक्सानी पुगेको छ। व्यक्तिको प्रतिष्ठामा चोट पुऱ्याइएको छ, आत्महत्याको कारणका रूपमा पनि सामाजिक सञ्जाल देखा परेको छ। त्यही कारण हृदयंगम गर्दै अमेरिकी संसद्को न्यायिक समितिले केही महिनाअघि फेसबुक र टिकटकका प्रमुख कार्यकारी अधिकारीहरूलाई सञ्जालमार्फत हुने हिंसा रोक्ने उपाय खोज्न भनेको थियो। सँगसँगै अमेरिका, बेलायत, जर्मनी, फ्रान्स, जापान, भारतलगायत देशले र युरोपेली संघले सामाजिक सञ्जाल नियमनसम्बन्धी कानुन बनाएका छन्। अस्ट्रेलियाले त बालबालिकाहरूलाई सामाजिक सञ्जाल चलाउन प्रतिबन्ध लगाएको छ। चलाएको भेटिए बालबालिकालाई होइन कि ती सामाजिक सञ्जाललाई ५० मिलियन अर्थात् ५ करोड अस्ट्रेलियाली डलर जरिवाना गर्ने कानुनी व्यवस्था गरेको छ। नेपालमा पनि सञ्चार, सूचना तथा प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जाल सञ्चालन, प्रयोग र नियमन गर्ने सम्बन्धी विधेयक संसद्मा दर्ता गराएका छन्। उक्त विधेयक पारित भएमा अब सबै सामाजिक सञ्जाल नेपालमा दर्ता हुनुपर्छ। सामाजिक सञ्जाल दर्ता फेसबुक, टिटर, टिकटक, युट्युबजस्ता विदेशी प्लेटफर्महरूले नेपालमा आफ्नो कार्यालय वा प्रतिनिधि अनिवार्य रूपमा राख्नु पर्नेछ। अहिलेसम्म यहाँ दर्ता नगरी ती यहाँ चलेका छन्। जसका कारण साइबर अपराध नियन्त्रणमा कठिनाइ भएको छ। अरू अपराधमा पनि भइरहेको सञ्जाल दुरुपयोग नियन्त्रण मुस्किल बनेको छ। कर चुहावट उत्तिकै छ। हालै टिकटकले नेपाल सरकारका सर्त मानेर यहाँ केही समय लागेको प्रतिबन्धबाट फुकुवा पाएको छ। अब अरूले पनि नेपालको कानुन मान्नुपर्छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरू संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरू / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# अझै पनि घरायसी ऊर्जाको मूल स्रोत दाउरा!

डा. मुकेशराज काफ्ले

ऊर्जा मानव जीवनको पर्यायझैं हो। हाम्रो दिनचर्याका हरेक पक्ष ऊर्जासँग जोडिएको हुन्छ। नेपालमा ऊर्जा खपत गर्ने क्षेत्रहरूलाई मूलतः घरायसी, औद्योगिक, यातायात, व्यापारिक, कृषि तथा निर्माण र खानी गरी ६ प्रकारमा वर्गीकृत गरिएको छ। पछिल्लो अध्ययन तथा सर्वेक्षण अनुसार सन् २०२१ मा देशमा खपत भएको कुल ऊर्जा ६२६ पेटाजुलमध्ये घरायसी क्षेत्रमा ६२.२ प्रतिशत, औद्योगिक क्षेत्रमा १८.२ प्रतिशत, यातायातमा ९ प्रतिशत, व्यापारिक क्षेत्रमा ७ प्रतिशत, कृषिमा १.६ प्रतिशत र निर्माण तथा खानी क्षेत्रमा ०.८ प्रतिशत ऊर्जा खपत भएको तथ्यांक छ। यो तथ्यांकले कुल ऊर्जाको आधाभन्दा बढी हिस्सा घरायसी क्षेत्रमा खपत हुने देखाएको छ। सन् २०२१ मा ३९६ पेटाजुल ऊर्जा घरायसी क्षेत्रमा खपत भएको देखिन्छ। अझै पनि घरायसी ऊर्जाको मूल स्रोत दाउरा हो। उक्त वर्ष घरायसी ऊर्जाको ८४.९ प्रतिशत हिस्सा दाउराबाट प्राप्त भएको थियो।

आधुनिक ऊर्जाको विस्तार र प्रयोग बढ्दै जाँदा प्रतिव्यक्ति ऊर्जा खपत घट्दै गएको छ। एक दशकको प्रवृत्ति अध्ययन गर्दा सन् २००९ मा प्रतिव्यक्ति ऊर्जा खपत १४ गिगाजुल रहेकोमा २०१९ मा १३.२ गिगाजुल पुग्यो। प्रतिव्यक्ति विद्युत खपत भने बढ्दै गएको छ। विगत साढे दुई दशकमा प्रतिव्यक्ति विद्युत खपत पाँच गुणाले वृद्धि भएको छ। सन् २००० मा प्रतिव्यक्ति विद्युत् खपत ६० किलोवाट घण्टा रहेकोमा सन् २०१० मा १००, सन् २०१८ मा २३०, सन् २०२१ मा २६५ र सन् २०२३ मा ३२५ किलोवाट घण्टा पुगेको आँकडा छ। यसो भए पनि यो खपत दक्षिण एसियाली मुलुकहरूमध्ये न्यून र विश्वको औसत प्रतिव्यक्ति विद्युत खपतको तुलनामा ११ भागको एक भाग मात्र हो। घरायसी प्रयोजनमा अधिकांशतः मिश्रित ऊर्जा प्रयोग भएको देखिन्छ। भौगोलिक क्षेत्रअनुसार घरायसी ऊर्जाको प्रयोग र मिश्रणमा फरक भेटिन्छ। करिब २० प्रतिशत घरमा खाना पकाउन आधुनिक ऊर्जाको स्रोत विद्युत र एलपी ग्यासको प्रयोग हुने गरेको छ। असी प्रतिशत घरमा परम्परागत ऊर्जाका स्रोतहरू दाउरा, कृषिजन्य अवशेष, घरपालुवा गाईवस्तुका गोबरको गुँइठा आदि प्रयोग हुने गरेको छ। तराई-मधेस क्षेत्रमा ८६ प्रतिशत, मध्यपहाडी क्षेत्रमा ६५ प्रतिशत र पहाडी तथा उच्चहिमाली क्षेत्रमा ५८ प्रतिशत घरमा ऊर्जा मिश्रणको प्रयोग हुने गरेको अध्ययनले देखाएको छ। घरायसी प्रयोजनमा ऊर्जा मिश्रणमा आधुनिक ऊर्जाको अनुपात बढ्दै गएको छ। सन् २०१४ मा २० प्रतिशत रहेको आधुनिक ऊर्जाको अनुपात ६ वर्षमा अर्थात् सन् २०२० मा पुग्दा ८ प्रतिशतले वृद्धि भई २८ प्रतिशत पुगेको देखिन्छ। सोही अवधिमा परम्परागत ऊर्जाको प्रयोग ७८ प्रतिशतबाट घटेर ६८ प्रतिशतमा झरेको तथ्यांक छ। उक्त अवधिमा वैकल्पिक ऊर्जाको प्रयोगमा न्यून वृद्धि भई २.५ प्रतिशतबाट ३.२ प्रतिशत पुग्यो। ऊर्जा खपतको दोस्रो ठूलो क्षेत्र उद्योग हो। सन् २०२१ को तथ्यांक अनुसार औद्योगिक क्षेत्रमा कुल १४४.५ पेटाजुल ऊर्जा खपत भएको देखिन्छ। उक्त ऊर्जाको ठूलो हिस्सा अर्थात् ४८.१५ प्रतिशत कोइलाबाट र १६.८३ प्रतिशत दाउराबाट प्राप्त भएको



देखिन्छ। बाँकी ऊर्जामध्ये बिजुलीबाट ८.८७ प्रतिशत, कृषिजन्य अवशेषबाट ९.९८ प्रतिशत, डिजेलबाट १२.७५ प्रतिशत र फर्नेस आयलबाट २.९७ प्रतिशत प्राप्त भएको देखिन्छ। ऊर्जा खपतको तेस्रो ठूलो क्षेत्र यातायात हो। सन् २०२१ को तथ्यांक अनुसार यातायात क्षेत्रले कुल ५७.७ पेटाजुल ऊर्जा खपत गरेको थियो। यो ऊर्जाको आपूर्ति पेट्रोलबाट ३३.७३ प्रतिशत र डिजेलबाट ६२.३३ प्रतिशत र बिजुलीबाट ०.१ प्रतिशतभन्दा पनि कम योगदान भएको देखिन्छ। विगतमा रहेको घरायसी ऊर्जाको अत्यधिक प्रयोगको प्रवृत्ति भविष्यमा पनि निरन्तर रहने प्रक्षेपण छ। यही प्रवृत्तिको निरन्तरता हुँदा सन् २०४० सम्म ११ हजार ८५५ किलोटन आयल बराबर पुग्ने प्रक्षेपण छ। यो खपत सन् २०१० मा ८ हजार ७६५ किलोटन आयल बराबर थियो। सन् २०१० को आधारमा यो वृद्धि वार्षिक औसत १.१ प्रतिशतले हुने अनुमान छ। गत वर्षको तथ्यांक अनुसार ९९ प्रतिशत घरमा बिजुलीको पहुँच पुगेको छ। यीमध्ये ८९ प्रतिशत घर राष्ट्रिय ग्रीडमा र ५ प्रतिशत स्थानीय मिनी ग्रीडमा जोडिएका छन्। बाँकी ५ प्रतिशत घर सौर्य ऊर्जामा निर्भर छन्। भौगोलिक क्षेत्रका हिसाबले तराई क्षेत्रका ९९ प्रतिशत घरमा राष्ट्रिय ग्रीडबाट बिजुली पुगेको छ। हिमाली क्षेत्रका करिब ३२ प्रतिशत घरमा मात्र राष्ट्रिय ग्रीडको बिजुली पुगेको छ। हिमाली क्षेत्रमा ६५ प्रतिशत र पहाडी क्षेत्रमा ४ प्रतिशत घर बिजुलीका लागि मिनी ग्रीडमा निर्भर छन्। हिमाली क्षेत्रमा ११ प्रतिशत र पहाडी क्षेत्रमा १.६ प्रतिशत घरमा सौर्य ऊर्जा जडान भएको छ। आई.डि.ए. नामको संस्थाले गरेको एक सर्वेक्षण अनुसार सन् २०२२ मा ग्रामीण क्षेत्रमा करिब ८० प्रतिशत र सहरी क्षेत्रमा ४४.६ प्रतिशत घरमा खाना पकाउन परम्परागत ऊर्जाको स्रोत दाउरा प्रयोग हुने गरेको छ। खाना पकाउन आधुनिक ऊर्जाको स्रोत एल.पी. ग्यासको प्रयोग सहरी क्षेत्रमा ८९ प्रतिशत घरमा र ग्रामीण क्षेत्रका ५७.३ प्रतिशत घरमा खाना प्रयोग हुँदै आएको छ। ग्रामीण क्षेत्रका १७.४ प्रतिशत घरमा खाना पकाउन कृषिजन्य अवशेष र गुँइठा प्रयोग हुने गरेको छ। सहरी क्षेत्रमा समेत यसको प्रयोग गर्ने घरको संख्या ५.४ प्रतिशत छ। खाना पकाउन ग्रामीण क्षेत्रमा ७.३ प्रतिशत घरमा र १४ प्रतिशत घरमा बिजुली प्रयोग हुने गरेको छ। भौगोलिक क्षेत्रका हिसाबले हिमाली क्षेत्रमा खाना पकाउन ९६ प्रतिशत घरमा, पहाडी क्षेत्रमा ६५.५ र तराई क्षेत्रमा ७९ प्रतिशत घरमा खाना पकाउन दाउरा प्रयोग हुने गरेको छ। घरायसी प्रयोजनमा हिटिङ (न्यानोपन) का लागि पनि ऊर्जा प्रयोग हुन्छ। एक सर्वेक्षण अनुसार जाडोयाममा हिटिङका लागि करिब ७७.५ प्रतिशत घरमा विभिन्न इन्धन प्रयोग हुन्छ। यस प्रयोजनमा २२.५ प्रतिशत घरमा इन्धनको प्रयोग नभएको पाइएको छ। हिटिङका लागि पनि दाउराको प्रयोग अत्यधिक देखिन्छ। करिब ८६ प्रतिशत घरमा दाउरा प्रयोग हुन्छ। यस अतिरिक्त २४.७ प्रतिशत घरमा कृषिजन्य अवशेष र ११.३ प्रतिशत घरमा गुँइठा र ११.२ प्रतिशत घरमा बिजुली प्रयोग हुन्छ। यसबाहेक हिटिङका लागि ०.५ प्रतिशत घरमा ग्यास हिटर र ०.२ प्रतिशत घरमा मट्टीतेल प्रयोग हुने गरेको छ। ग्रामीण क्षेत्रमा हिटिङका लागि परम्परागत स्रोत दाउरा ९०.१ प्रतिशत र २७.२ प्रतिशतमा घरमा कृषिजन्य अवशेष प्रयोग हुने गरेको छ। सहरी क्षेत्रमा ६१ प्रतिशत घरमा दाउरा र ८.७ प्रतिशतमा कृषिजन्य अवशेष प्रयोग भएको पाइन्छ। हिटिङका लागि सहरी क्षेत्रका ३९.७ प्रतिशत घरमा र ग्रामीण क्षेत्रमा ६.७ प्रतिशत घरमा बिजुली प्रयोग भएको देखिन्छ। भौगोलिक क्षेत्रका हिसाबले हिटिङका लागि हिमाली क्षेत्रमा ९८.४ प्रतिशत घरमा दाउरा प्रयोग हुन्छ। तराई क्षेत्रका ४४.२ घरमा कृषिजन्य अवशेष तथा २०.९ प्रतिशत घरमा गुँइठा प्रयोग हुने गरेको छ। हिटिङकै लागि पहाडी क्षेत्रका ७९ प्रतिशत घरमा दाउरा र २१.६ प्रतिशत घरमा बिजुली प्रयोग हुन्छ। घरायसी प्रयोजनमा ऊर्जाको प्रयोग हुने अर्को क्षेत्र कुलिङ (चिसोपन) हो। कुलिङका लागि ६२.८ प्रतिशत घरले उपकरण प्रयोग भएको पाइएको छ, ३७.२ प्रतिशत घरमा यस्तो उपकरण छैन। कुलिङका लागि ७७.४ प्रतिशत घरमा सिलिङ पंखा प्रयोग भएको देखिन्छ। एअर कुलर प्रयोग भएका घरको संख्या २.३० प्रतिशत छ। एअर कन्डिसन प्रयोग गर्ने घर ०.३ प्रतिशत मात्र छन्। ऊर्जा उपयोगिताको अर्को क्षेत्र उज्यालो हो। उज्यालोका लागि ऊर्जाको मुख्य स्रोत बिजुली नै हो। सहरी क्षेत्रका ९९ प्रतिशत र ग्रामीण क्षेत्रका ९१.४ प्रतिशत घरमा उज्यालोको लागि ग्रीड जडित राष्ट्रिय विद्युत प्रणालीको बिजुली प्रयोग भएको छ। रिचार्जेवल फ्ल्यास लाइट, मोबाइल उपकरण, टर्च लाइट पनि उज्यालो प्राप्तिको साधनका रूपमा प्रयोग हुने गरेका छन्। यी उपकरणको प्रयोग ग्रामीण क्षेत्रमा ५१.६ प्रतिशत र सहरी क्षेत्रमा ४२.५ प्रतिशत घरमा हुने गरेको छ। उज्यालोका लागि ग्रामीण क्षेत्रमा १४.३ प्रतिशत घरमा र सहरी क्षेत्रमा २.८ प्रतिशत घरमा घरायसी सौर्य ऊर्जा प्रयोग हुने गरेको छ। विगत तीन दशकको ऊर्जा रूपान्तरणको प्रवृत्ति अध्ययन गर्दा नेपालमा ३० वर्षअघि ९७.९ प्रतिशत घरमा खाना पकाउन दाउरा प्रयोग हुने गरेकोमा हालसम्ममा उल्लेखनीय कमी आई ६७.४ प्रतिशतमा झरेको छ। त्यसैगरी ३० वर्षअघि कृषिजन्य अवशेषको प्रयोग २९.८ प्रतिशत रहेकोमा हाल १७.३ प्रतिशतमा सीमित भएको छ। गुँइठामाथिको निर्भरता १९.२ प्रतिशत रहेकोमा अहिले १०.९ प्रतिशत छ। आधुनिक ऊर्जाका स्रोतमध्ये घरायसी भान्सामा एल.पी. ग्यास र बिजुलीको प्रयोग बढेको छ। तीस वर्षअघि घरायसी भान्सामा एल.पी. ग्यासको प्रयोग ०.६ प्रतिशत घरमा रहेकोमा हाल ७४.१ प्रतिशत घरमा पुगेको छ। यही अवधिमा खाना पकाउन बिजुलीको प्रयोग ०.३ प्रतिशतबाट बढेर ८.४ प्रतिशत घरमा विस्तार भएको छ। हाम्रो राष्ट्रिय विद्युत प्रणालीको डिजाइन तथा विस्तार मूलतः उज्यालो प्राप्तिका लागि मात्र भएको देखिन्छ। करिब ९९ प्रतिशत घरमा बिजुलीको पहुँच पुग्नु सुखद पक्ष हो। अझै पनि बिजुलीको गुणस्तर र नियमिततामा ढुक्क हुने अवस्था छैन। उज्यालोबाहेक घरायसी भान्सा, हिटिङ र कुलिङका लागि बिजुलीको प्रयोग हुने घरको संख्या न्यून नै छ। बिजुलीको विस्तार निकै फराकिलो भए पनि प्रतिव्यक्ति विद्युत खपत ३२५ किलोवाट घण्टाको हाराहारीमा सीमित छ। यो परिमाण दक्षिण एसियाली मुलुकहरूबीच तुलना गर्दा नेपालमा निकै कम हो। पछिल्लो सर्वेक्षण र तथ्यांकबाट अहिले पनि नेपालको ऊर्जा प्रणाली मूलतः दाउरा र कृषिजन्य अवशेषमा नै निर्भर देखिन्छ। भविष्यमा सरोकारवाला पक्षहरूले यसतर्फ विशेष ध्यान पुऱ्याएर एक्काइसौं शताब्दी सुहाउँदो स्वच्छ ऊर्जा रूपान्तरण र प्रयोगमा धेरै काम गर्न बाँकी छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

# रारामा कर्णाली प्रदेशको पहिलो चारतारे रिसोर्ट निर्माण सुरु

नमस्ते समचारदाता
मुगु, माघ/२२

राराको मुर्माटपमा सोमबारदेखि कर्णाली प्रदेशको पहिलो चारतारे रिसोर्ट निर्माण सुरु भएको छ । एनआरएन अष्ट्रेलियाको लगानीमा प्रदेशकै पहिलो चार तारे सुविधा सम्पन्न रिसोर्ट निर्माण गर्न सोमबार हिन्दू धर्मअनुसार भूमि पूजा गरिएको हो । प्रदेशमा तीनतारेसम्मका होटल यसअघि सञ्चालनमा आए पनि चारतारे पहिलोपटक निर्माण गर्न लागिएको रारा होल्डिङ रिसोर्ट प्रालीका परि योजन प्रबन्धक अरुण चन्दले बताए। गत वर्ष काठमाडौँमा सर कारले आयोजना गरेको तेर्सो लगानी सम्मेलनमा अष्ट्रेलियामा रहेका नेपाली एनआरएन अभिषेक विक्रम शाहसहितको टोलीले 'ड्रिम प्रोजेक्ट'का रूपमा रारामा चारतारे रिसोर्ट निर्माण गर्ने प्रतिबद्धता जनाएको थियो । सोही प्रतिबद्धचा अनुसार सङ्घीय सरकारसँग रारा होल्डिङ रिसोर्ट प्रालीले १८ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी सम्झौता गरेको उनले जानकारी दिए । कूल ७३ रोपनी क्षेत्रफलमा निर्माण हुने उक्त रिसोर्टको पहिलो चरणमा रु एक अर्बको लागतमा निर्माण हुने चन्दले जानकारी दिए। उनका अनुसार पहिलो चरणमा ३६ र दोस्रो चरणमा १९ वटा सुविधा सम्पन्न कोठाका ९८ श्यया निर्माण हुने छन् । दैनिक एक सय आन्तरिक तथा बाह्य पर्यटकलाई सेवा दिनेगरी यो रिसोर्टको भूमि पूजा गरी निर्माण सुरु गरिएको हो । रिसोर्टको औपचारिक रूपमा यही माघ ३० गते पर्यटन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाहीले शिलान्यास गर्ने कार्यक्रम रहेको रारा होल्डिङ रिसोर्ट प्रालीले जनाएको छ । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरूले रारा क्षेत्रमा सुविधा सम्पन्न होटल नभएका कारण दुखेसो पोख्दै आएका बेला सिञ्जा भ्याली, रारा, छायाँनाथ र खप्तडलाई जोड्दै कर्णालीका धार्मिक क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले रिसोर्ट निर्माण गर्न लागिएको परियोजन प्रबन्धक चन्दले जानकारी दिए । समुन्द्री सतहबाट तीन हजार पाँच सय मिटर उचाइमा निर्माण हुने उक्त रिसोर्टको आगामी चैतदेखि पूर्वाधार निर्माण सुरु गरिनेछ । निर्माणपश्चात् रिसोर्ट सञ्चालनमा आएपछि प्रत्यक्ष एक सय २० जनाले रोजगारी पाउनुका साथै एक हजार बढीलाई अप्रत्यक्ष रूपमा रोजगारीका अवसर सृजना हुने रिसोर्टका प्रतिनिधि प्रेम शाहीले बताए। उनका अनुसार यो परियोजनाले विशेषगरी भारतीय नागरिकलाई धार्मिक पर्यटकका रूपमा भित्र्याउने लक्ष्य राखेको छ । लस्थानीय समुदायका पुराना घरशैलीका ५५ कोठामा ९८ श्यया निर्माण हुने यो रिसोर्टमा एक सयको क्षमता भएको सेमिनार हल, प्रत्येक कोठाका झ्यालबाट रारा र हिमाली शृङ्खलाको दृयावलोकन गर्न सकिने र रिसोर्टबाट आधा घण्टामाथि रहेको मुर्माटप पुगेपछि सात जिल्लाको भूभाग अवलोकन गर्न सकिने प्रबन्धक चन्दले उल्लेख गरे । यहाँ आउने पर्यटक सबैले रारामा गाँस र बासका लागि राम्रो व्यवस्था नभएको भन्दै गुनासो राखेर जाने गरेकाले रिसोर्ट निर्माण थालिएको उनको भनाइ छ । केही वर्षयता रारा क्षेत्रकामाझ घट्ट, सल्लेरीमा एक दर्जनभन्दा बढी होटल सञ्चालनमा छन् तर सिजनमा यी होटलले पर्यटकलाई सेवा दिन समस्या हुँदै आएको छ । कर्णाली प्रदेशमा पहिलो पटक चारतारे रिसोर्ट मुर्माटपमा निर्माण हुने भएपछि रारामा आउने पर्यटकलाई बस्न र खान कुनै समस्या नहुने छाँयानाथ रारा नगर पालिका-८ का होटल व्यवसायी बिर्ख रोकायाले बताए ।

नमस्ते कर्णाली
www.namastekarnali.com

# प्रेस चौतारीको स्थापना दिवसमा जुम्लामा रक्तदान

नमस्ते समचारदाता
जुम्ला, माघ/२२




श्रमजीवि पत्रकारहरुको साझा संगठन प्रेस चौतारी नेपालको २७ औं स्थापना देशभर विभिन्न कार्यक्रम गरि मनाईदैं छ। श्रमजीवि पत्रकारहरुको पेशागत सुरक्षाका निम्ति २६ वर्षदेखि अनवरत वकालत गर्दै आएको प्रेस चौतारीले स्थापना दिवसका अबसरमा विभिन्न कार्यक्रम गरेर मनाईएको हो । यसैबीच जुम्लामा प्रेस चौतारी नेपालको २७ औ स्थापना दिवसका अबसरमा रक्तदान गरिएको छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल जुम्लामा रक्तदान गरिएको छ । प्रतिष्ठान स्थापनाको डेढ दशक बितिसक्दा पनि हाल सम्म ब्लड बैंक स्थापना भएको छैन् । यदपी,अहिले ब्लड बैंक स्थापनाको प्रक्रिया चलिरहेको छ । रगत अभावका कारण प्रतिष्ठानमन उपचारथ विरामीहरुले सास्ती पाउने गरेका छन् । रगत आबश्यक पर्दा नेपाली सेना,सशस्त्र,प्रहरीलाई गुहार्नु पर्ने बाध्यता छ । जुम्लामा वर्षौदेखि विद्यमान रगत अभाव र त्यसले गर्दा विरामीले भोग्नु परेको कष्टलाई मध्यनजर गरि प्रेस चौतारी जुम्लाले आफ्नो स्थापना दिवसका अबसरमा रक्तदान गरेको प्रेस चौतारी जुम्लाका अध्यक्ष मानदत्त रावलले बताए। उनका अनुसार २३ जनाले रक्तदान गर्ने भनेर नाम लेखाएपनि सात जनाले मात्रै रक्तदान गरेका छन । सात प्वाईन्ट रगत दान गरिएको छ। अघिल्लो दिननै समन्वय गरेर २३ जनाले नाम टिपाएका थिए। तर रक्तदानमा भने १६ जना उपस्थित भएनन् । प्रेस चौतारीका अध्यक्ष मानदत्त रावल,पूर्वअध्यक्ष नौरते नेपाली,चौतारीका सचिव काली बहादुर परियार,कनका खबर टेलिभिजनमा कार्यरत प्रकाश विश्वकर्मा,तिलाका स्थानीय धनराज बस्नेत,विद्यार्थी नेता लोकेन्द्र बुढा र यूवासंघ नेपालकी केन्द्रीय सचिव सारादा पछाईले रक्तदान गरेका छन् । रक्तदानकै क्रममा एक विरामीलाई रगत आबश्यक परेपछि कनका खबर टेलिभिजनमा कार्यरत प्रकाश विश्वकर्माको बी पोजेटिभ गरुपको एक प्वाईन्ट रगत विरामीलाई हस्तान्तरण गरिएको छ । स्थापनाका अबसरमा शुभकामना दिदैं नेपाल पत्रकार महासंघ जुम्लाका अध्यक्ष पूर्ण प्रसाद चौलागाईले श्रमजीवि पत्रकाहरुको साझा संगठन प्रेस चौतारीले जुम्लामा रगत अभावले भोग्नु परेको समस्यालाई मध्यनजर गरि रक्तदान कार्यक्रम राखेकोमा धन्यबाद दिए । संगठनहरुले पेशागत सुरक्षा संगै यस्ता रचनात्मक काम गर्नु पर्नेमा अध्यक्ष चौलागाईले जोड दिए । प्रेस युनियनका अध्यक्ष प्रकाश उपाध्यायले प्रतिष्ठानमा पटक पटक रगत अभाव हुने र विरामी भौतारीने समस्या रहेको बताए । अन्य कार्यक्रम भन्दा रक्तदान कार्यक्रम निकै स्वागत योग्य काम भएको उल्लेख गरे । ब्लड बैंक स्थापना गर्ने तयारी गरिरहेको प्रतिष्ठानले आफ्नो स्थापना दिवसका अबसरमा रक्तदान कार्यक्रम गर्ने प्रेस चौतारी जुम्ला शाखालाई धन्यबाद दिएको छ ।

# गोरखा युनाइटेड स्कुलमा स्वामी डा. विकासानन्दको योग शिविर

नमस्ते समचारदाता
कोहलपुर, माघ/२२




कोहलपुर,गोरखा युनाइटेड पब्लिक स्कुल,कोहलपुरको आयोजनामा २ दिने ध्यान, योग शिविर सुरु भएको छ। विद्यार्थी ,अभिभावक ,शिक्षक लगायत सबैमा सकारात्मक सोचको विकासका गर्नका निम्ति गोरखा युनाइटेड पब्लिक स्कुलको प्राङ्गणमा शिविरको आयोजना गरिएको संस्थापक सञ्चालक केशर वहादुर आले मगरले बताए । संस्थापक आलेले विश्वमा भईरहेको हत्या हिंसा, काटमार र विकृति विसंगतिले समाजमा नकारात्मक असर परिरहेको औंल्याउदै सांस्कृतिक विचलनवाट समाजलाई वचाउन यस्ता मनोक्रान्तिका शिविरहरु आम नेपालीहरुलाई अनिवार्य भईसकेको वताए । उद्धाटन कार्यक्रममा बोल्दै डा. योगी विकासानन्दले शरीर र मनलाई स्वस्थ्य बनाउन आत्मबल दरिलो बनाउनुपर्नेमा जोड दिँदै त्यसका लागि ज्ञान योग धयन र साधना नै महत्वपूर्ण औषधी हुने विचार राखे । उदघाटन शत्रमा लुम्विनी प्रदेशका सांसद कृष्ण केसि नमुना, कोहलपुर नगर प्रमुख पुर्ण प्रसाद आचार्य, उप प्रमुख संगिता सुवेदी, वडा नं. २ का वडा अध्यक्ष हरसिंह कठायत, शशत्र प्रहरी वरिष्ठ उपरिक्षक गंगाराम श्रेष्ठ, नेपाली सेनाका प्रमुख सेनानी बाल कृष्ण कार्कि, विद्यालयका सञ्चालक, अभिभावक शिक्षक कर्मचारी, विद्यार्थी लगाएतको सहभागिता रहेको थियो । साधकहरुलाई विहानको भोजन र दिवा खाजाको समेत ब्यबस्था गरेको गोरखा युनाईटेड पब्लिक स्कुलले आयोजना गरेको योग तथा ध्यान शिविर बुधवारसम्म चल्ने छ ।
पहिलो दिनको योग तथा ध्यान शिविरमा करिव १ हजार ५ सय बढि साधकहरुको सहभागिता रहेको छ ।

# कर्णाली प्रदेशमा........

आएका छन् । जिल्ला वन कार्यालयहरुले भने जडिबुटि तथा वन पैदावारबाट संकलन भएको राजश्वको केही हिस्सा प्रदेशमा पठाउने गरेका छन् । उद्योग दर्ता तथा नविकरण र सवारी साधन नविकरणको कर बृद्धि गरेको कर्णाली प्रदेशले बितेको सात वर्षमा समेत अपेक्षाकृत रुपमा राजश्व संकलन गर्न सकेको छैन् । आर्थिक आम्दानी बृद्धिका थुप्रै सम्भावना हुँदा पनि कर्णालीको बजेट टुक्रे योजनामै सिमित हुनुले पनि अपेक्षाकृत प्रतिफल आउन सकेको छैन् । भने चालु आवमा वार्षिक ८० प्रतिशत बजेट खर्चको लक्ष्य लिएको प्रदेश सरकारले राजश्व संकलनको कुनै लक्ष्य लिएको छैन् ।
कृषि,पर्यटन,जलविद्युत,जडिबुटि लगायतका सम्भावनाले भरिपूर्ण कर्णाली प्रदेशको आन्तरिक आम्दानीको अबस्था निकै कमजोर छ । संघियता कार्यान्वयनको सात वर्षबढी समय बितिसक्दा पनि आन्तरिक आयमा गति लिन नसेकेको कर्णाली संघिय अनुदानकै भरमा चलेको छ । आम्दानी बृद्धिका प्रचुर सम्भावना हुँदा पनि ठोस नीति र उत्पादनशील क्षेत्रमा लगानी अभावकै कारण कर्णालीको आन्तरिक आय कमजोर भएको देखिन्छ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यरोड बाँके फोन नं. ९८४८२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# जलवायूमैत्री स्याउ खेती गर्न अगुवा किसानलाई तालिम


सागर परियार
जुम्ला, माघ/२२




परम्परागत रुपमा खेती गर्दै आएका जुम्लाका किसान सिप र प्रविधि पाएसंगै जलवायूमैत्री स्याउ खेतीमा जुटेका छन् । पछिल्ला वर्षमा समयमै हिमपात र वर्षा नहुने,सिँचाई सुविधा नपुग्ने,विरुवा काटछाँट बारे ज्ञान नपाउने जस्तो समस्याले चिन्तीत बनेका किसान तालिम पाएपछि जलवायूमैत्री स्याउ खेतीमा जुटेका हुन् । स्याउ बगैचा व्यवस्थापन,विरुवा काँटछाट,रोग किरा नियन्त्रण,मल जल व्यवस्थापन लगायतका विषयमा किसानले प्राविधिक तथा सैदान्तीक ज्ञान पाएपछि जलवायू मैत्री स्याउ खेती,तरकारी खेतीका लागि कुनै चिन्ता नरहेको किसान कर्ण हमाल बताउँछन् । किर्डाक नेपालको सहकार्य र संयुक्त राष्ट् संघिय खाद्य तथा कृषि संठगन ( एएफओ) सहयोगमा १२ दिने जलवायूमैत्री स्याउखेतीबारे प्रशिक्षक प्रशिक्षण तालिम पाएपछि स्याउ खेतीका विषयमा धेरै ज्ञान प्राप्त भएको र खेती गर्न सहज हुने उल्लेख गरे । ‘जलवायू परिवर्तनका कारण जुम्लामा यसवर्ष हालसम्म हिमपात हुन सकेको छैन् । जसले गर्दा स्याउ खेती विस्तार (नयाँ विरुवा रोप्ने) काम अन्यौल भएको छ । रोग किरा नियन्त्रणबारे थाहा नपाउँदा सास्ती उस्तै थियो । तर अहिले सहज भएको छ । स्याउ बगैचामा दलन बालीमात्र रोप्ने,खाडल, दुरी,सिँचाई,चिस्यान कायम,जैविक मलको मात्र प्रयोग,काँटछाँटमा विशेष ध्यान दिनुपर्ने ज्ञान पाएसंगै गाउँमा कार्यान्वयन गर्न थालेका छौ ।’ कर्ण हमाल संगै तिलाका र पातार ासीका गरी १२ जना कृषि पाठशाला सहजकर्ता अगुवा जलवायूमैत्री स्याउखेतीबारे तालिम दिइएको हो । किर्डाक नेपालको सहकार्यमा एएफओको सहयोगमा तिला गाउँपालिकाका ९ वटै वडामा ‘जलवायु प्रेरित आप्रवासनको जोखिममा रहेका समुदायहरूमा उत्थानशीलता र सक्तिकरण वृद्धि’ परियोजना संचालन भएको छ । पातारासीकी अगुवा किसान सन्जीवा विष्टले पनि जलवायू परिवर्तनका कारण स्याउ खेतीमा असर परेको बताईन् । कालो तुसारो लाग्ने,फूल झर्ने,लाईकिराको प्रकोप फैलिने जस्ता समस्याले सास्ती भएको बेला जलवायू अनूकुलनका विषयमा तालिम पाएपछि खेतीमा सहज हुने बताए । आफूले सिकेको सिपलाई गाउँका अन्य किसानलाई सिकाउने र जलवायू मैत्री स्याउ खेती गरी उत्पादन बढाउने उनको भनाइ छ । एक वर्षे पाईलट परियोजनाका रुपमा संचालित भएको आयोजनाले विशेष जलवायूमैत्री स्याउखेती,तरकारी खेती तथा सिँचाई व्यवस्थापनका लागि काम गर्ने क्षामता विकास तथा कृषक पाठशाला विशषज्ञ मधुसुदन पौडेलले बताए । उनका अनुसार परियोजनाबाट तिलाका तीन सय घरधुरी प्रत्यक्ष लाभान्वित हुने छन् । . उनका अनुसार १२ दिनसम्म कृर्षक पाठशाला संचालन कसरी गर्ने,जलवायु परिवर्तन के हो ? यसबाट बच्ने उपाय,स्याउ बगैचा व्यवस्थापनबारे सिकाइएको छ । उनले भने,‘एक वर्षका लागि पाईलट परियोजनाका रुपमा आएको हो । एक वर्ष सफल भएमा पछि जिल्ला व्यापी रुपमा आउने छ । जलवायु परिवर्तनको असर तिलामा बढि परेको देखेपछि दातृ संस्थालेनै सिधै तिलाका १-९ वडा सम्म कार्यक्रम संचालन गरेको हो ।’ यता कृषि विकास कार्यालयका प्रमुख तथा अर्थ विज्ञ रामझ अधिकारीले स्याउको विस्तार तथा रोग किरा नियन्त्रणबारे थुप्रै तालिम संचालन भएपनि कार्यान्वयन नहुने गरेको बताए । सचेतना बृद्धि,आम्दानी बृद्धि,जीविकोपार्जन,जलवायु परिवर्तन तथा समुदायलाई अनूकलनमा अग्रसर बनाउन परियोजना तथा कृषि विकास कार्यालय संगसंगै किसानमाझ जानु पर्ने उल्लेख गरे । तालिमा सिकेका कुरा व्यवहारमा लागु भए नभएको,किसानको दैनिकीमा सहज भए नभएको विषयमा जिल्लामा नियमित अनुगमन तथा निरिक्षण परियोजना संयोजक पुंकेश्वर भामले गर्ने छन् । प्रशिक्षक तालिम लिएका १२ जना अगुवा किसानले गाउँमा जलवायू अनूकुलनका विषयमा व्यापक सिप हस्तान्तरण गर्ने र स्याउखेतीलाई विस्तार गर्ने लक्ष्य राखिएको परियोजना संयोजक भामको भनाई छ ।

# हुम्लामा एचपिभी खोपलगाउने कार्य पछि सर्यो

नमस्ते समचारदाता
दैलेख, माघ/२२




हिमाली जिल्ला हुम्लामा पाठेघरको मुखको क्यान्सर बिरुद्धको एचपिभी खोप लगाउने कार्य पछि सरेको छ । विद्यालयमा अध्ययनरत छात्राहरुलाई लक्षित गरेर लगाईन लागिएको सो खोपका लागि हाल जिल्लाभरका विद्यालयहरु बन्द रहेको कारण देशभर माघ २२ गतेबाट खोप लगाउन सुरु गरिएको भएपनि हुम्लामा मिति पछि सारिएको हो । हुम्लामा जिल्लामा फागुन १८ गतेदेखि केही ढिला गरी खोप अभियान सञ्चालन हुने भएको प्रमुख प्रतिक्ष भारतीले बताईन । उनले यतिबेला जिल्लाका सवै विद्यालयहरु दिउदे बिदाको कारण बन्द रहेका बताईन । फागुन २ गतेबाट विद्यालय सुचारु भएपनि १५ गतेपछि मात्र पठनपाठन गर्ने तयारीमा विद्यालयहरु रहेका छन् । जिल्लामा चिसो मौसमका साथै दुर्गम जिल्ला भएको विद्यालय समेत बन्द रहेको कारण केही समय ढिला गरी यो खोप अभिययान सञ्चालन हुने छ । १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरुलाई सो खोप लगाउन लागिएको हो । तीन हजार चार सय ४३ किशोरीलाई लक्षित गर्दै खोप अभियान सञ्चालन गर्न लागिएको हो । विद्यालय जाने किशोरी र विद्यालय जान नपाएका दुबै समुहका किशोरीमा यो खोप लगाइने भएको हो । कार्यालय प्रमुख भारतीका अनुसार जिल्लाका सात वटा गाउँपालिकाहरुमा ९९ वटा खोप केन्द्रबाट उक्त खोप अभियान सञ्चालन हुने भएको छ । जिल्लाको छ वटा गाउँपाकिलामा फागुन १८ देखि २९ गतेसम्म यो खोप अभियान सञ्चालन हुने भएको छ । भने उत्तरी नाम्खा गाउँपालिकाको हिमाल पारीको गाउँ लिमी, यारी लगायतका गाउँ हिउँले बाटो बन्द हुने हुँदा फागुन महिनाको २० गतेदेखि २०८२ सालको बैशाख ७ गतेसम्म उक्त खोप अभियान सञ्चालन हुने उहाँले बताउनुभयो । जिल्लाको उत्तरी नाम्खा गाउँपालिकाको १७ खोप वटा केन्द्रबाट ३१९ किशोरी, सिमकोट गाउँपालिकाका बीस खोप केन्द्रबाट ७५६, खार्पुनाथमा १५ खोप केन्द्रबाट ३६५, सर्केगाडमा १८ खोप केन्द्रबाट ६८६, चत्ेलीमा सात खोपबाट ३३१, अदानचुलीमा दश खोप केन्द्रबाट ६०७ र ताँजकोट गाउँपालिकाका १२ खोप केन्द्रबाट ३७८ जना किरोशीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइने लक्ष्य रहेको स्वास्थ्य सेवा कार्यालयले जनाएको छ । विद्यालय जाने कक्षा ६ देखि १० सम्मका किशोरीलाई विद्यालयमै खोप दिइने र विद्यालय नजाने किशोरीलाई पनि उक्त खोप लगाइने तयारी गरिएको छ । खोप केन्द्रमा ९९ जना स्वास्थ्यकर्मी र एक सय ९८ जना स्वयंसेवक परिचालन गरिने छ । जिल्लाका सबै स्थानीय तहहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । यो अभियानले पाठेघरको मुखको क्यान्सरको जोखिम कम गर्न महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ ।

## गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुर्‍याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

चंखेली गाउँपालिका
हुम्ला

# बाजुरामा पहिलो दिन ७ पालिकाका २७ सय बढी किशोरीलाई एचपीभी खोप

नमस्ते समचारदाता
बाजुरा, माघ/२२






सरकारले आजदेखि देशभर अभियानका रुपमा सञ्चालन गरेको एचपीभी खोप अभियान बाजुरामा पनि उत्साहका साथ सुरु गरिएको छ । स्वास्थ्य कार्यालय बाजुराले सदरमुकाम मार्तडी स्थित मालिका माध्यमिक विद्यालयमा एक औपचारिक कार्यक्रमका बिच एचपीभी खोप अभियान सुभारम्भ गर्दै जिल्लाभर सुरु गरिएको हो । स्वास्थ्य कार्यालय बाजुराका कोल्ड चेन असिस्टेन्ट खडकराज गिरीका अनुसार एचपीभी खोप अभियानको पहिलो दिन जिल्लाका ७ पालिकाका २ हजार ७ सय ५३ किशोरीहरुलाई खोप लगाइएको छ । उनका अनुसार अभियानको पहिलो दिन त्रिवेणी र बडीमालिका नगरपालिकाको एकिन विवरण संकलन भइरहेको छ । महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप बाजुराका ७ हजार ८ सय ९४ जना किशोरीहरुलाई लगाइदै छ । स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा माघ २२ देखि २८ गतेसम्म सञ्चालन हुने एच.पि.भी खोप अभियानमा विद्यालय जाने ७ हजार ८ सय ६० र विद्यालय नजाने ३४ किशोरीहरुलाई खोप लगाइने भएको हो । त्यस्तै जिल्लाका ९ वटै स्थानीय तहका १ सय १८ विद्यालय तथा ९१ अन्य खोप केन्द्रबाट खोप अभियान सञ्चालन भएको छ भने खोप अभियानमा २ सय १० स्वास्थ्यकर्मी र ४ सय १८ स्वयमसेवक खटिएका छन् । यो अभियान बाजुरामा माघ २२ देखि २८ गतेसम्म सञ्चालन हुनेछ ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

महावै गाउँपालिका
कालिकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके